नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४३१००७
५४२२०५६ | ५४४४७२५
५४२५७३३ | ५४२२०५९

वेवसाइटः www.dls.gov.np
ईमेल:dg@dls.gov.np (DG)
dlsplanningmonitoring@gmail.com

पत्र सङ्ख्याः-

चलानी नं.:-

मितिः २०८२।१२।०१

## लो प्याथोजेनिक एभियन इन्फ्लुएन्जा संक्रमण रोकथाम सम्बन्धी सूचना

लो प्याथोजेनिक एभियन इन्फ्लुएन्जा भाइरस (सबटाइप H9) कुखुरा लगायत विभिन्न पन्छीहरूमा हुने एक संक्रामक रोग हो। यो रोग विशेषगरी संक्रमित कुखुरा तथा पन्छीसँग प्रत्यक्ष सम्पर्क, संक्रमित पन्छी तथा पन्छीजन्य पदार्थको ओसारपसार, दाना तथा कुखुरा ढुवानी गर्ने सवारी साधन, साथै स्वासप्रस्वासबाट सजिलै सर्ने गर्दछ। हाल नेपालका विभिन्न स्थानका व्यावसायिक तथा घरपालुवा पन्छीहरूमा लो प्याथोजेनिक एभियन इन्फ्लुएन्जा भाइरस (सबटाइप H9) को संक्रमणको कारण कुखुरा मरेको र संक्रमण बढ्दै गएको पाइएकाले रोगको रोकथाम तथा नियन्त्रण गर्न आवश्यक देखिएको छ। यसै सन्दर्भमा रोगको रोकथाम तथा नियन्त्रणका लागि तपशिल बमोजिमका कार्यहरू गर्न/गराउन हुन सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल:</u>

१. फार्ममा अनावश्यक आगन्तुक र सवारी साधनलाई प्रवेश नगराऔं।
२. कुखुरा वा दाना ओसार पसार गर्ने सवारी साधनलाई फार्म परिसर भित्र प्रवेश नगराऔं।
३. फार्म परिसर भित्र प्रवेश गराइने हरेक सवारी साधनलाई निःसंक्रमण गरेर मात्र फार्ममा प्रवेश गराऔं।
४. कुखुरा ढुवानी गर्ने सवारी साधन कुखुरा अनलोड गरे पश्चात अनिवार्य रुपमा सरसफाई तथा निःसंक्रमण गरौं।
५. फार्म/खोर प्रवेश गर्ने ढोकामा अनिवार्य रुपमा चुना लगायतका निःसंक्रामक औषधि राखिएको फुटबाथ प्रयोग गरौं र प्रत्येक पटक प्रवेश गर्दा फुटबाथमा टेकेर वा स्प्रे गरेर मात्र फार्ममा प्रवेश गरौं।
६. खोर भित्र प्रवेश गर्दा छुट्टै बुट र एप्रोनको प्रयोग गरौं।
७. खोर भित्र र बाहिर हप्ताको कम्तिमा दुई पटक निःसंक्रमण गरौं।
८. फार्म परिसरभित्र कुकुर, विरालो, मुसा लगायतका अन्य पशुपन्छी प्रवेश गर्न नसक्ने व्यवस्था गरौं।
९. मरेका पन्छीलाई यथासक्य छिटो सुरक्षित तवरले पिट वा गहिरो खाडलमा गाडौं।
१०. रोग सर्न सक्ने जोखिम रहने हुँदा एक फार्ममा काम गर्ने व्यक्ति अर्को फार्ममा नजाऔं।
११. प्रयोग भइसकेको कागजको अण्डा राख्ने क्रेट पुनः प्रयोग नगरौं/नगराऔं।
१२. लो प्याथोजेनिक एभियन इन्फ्लुएन्जा रोग विरुद्ध गुणस्तरीय खोपको प्रयोग गरौं।
१३. पन्छीपालन व्यवसायमा संलग्न कृषकहरुले अनिवार्य रुपमा बीमा गरी क्षति न्यूनीकरण गरौं/गराऔं।

पुनश्चः अचानक धेरै संख्यामा पन्छी बिरामी परेमा वा मरेमा तुरुन्त नजिकैको पशु सेवाका निकायमा जानकारी गराऔं।

.................
डा. उमेश दाहाल
महानिर्देशक